# रंगेली नगरपालिका
## Rangeli Municipality
### नगर कार्यपालिकाको कार्यालय
### Office of Municipal Executive
रंगेली, मोरङ / Rangeli, Morang

प.सं. ०७६।०७७
च.नं. ६२०

Province No 1, Nepal
प्रदेश नं १, नेपाल

मितिः– २०७६।०७।२६

विषय :– परिपत्र सम्बन्धमा ।

श्री सम्पूर्ण सामुदायिक विद्यालयहरु
रंगेली नगरपालिका, मोरंग ।

प्रस्तुत विषयमा यस रंगेली नगरपालिका अन्तरगत संचालित त्यस विद्यालयहरुलाई देहाय अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

१. यस नगरपालिकाको नगर शिक्षा समितिको मिति २०७६।०७।२४ गतेको निर्णयानुसार तहाँ विद्यालयमा रिक्त रहेको दरबन्दी/पद यकीन गरी विद्यालय व्यवस्थापन समितिको निर्णय सहित सात दिन भित्र शिक्षा विकास तथा समन्वय इकाइ संग पदपूर्तिका लागि अनुमति माग गर्ने । सो को बोधार्थ रंगेली नगरपालिका शिक्षा शाखालाई समेत दिनु पर्ने ।
२. यसरी पदपूर्तिको लागि अनुमति माग गर्दा विद्यालयमा वि.व्य.स. नरहेको अवस्थामा पदेन सदस्यहरु (प्रधानाध्यापक, शिक्षक प्रतिनिधी र वडा अध्यक्ष) को निर्णय सहित माग गर्नु हुन ।
३. विद्यालय व्यवस्थापन समिति गठन नभएका विद्यालयहरुले २०७६ मंसिर १५ गते भित्रमा नगरपालिकाको शिक्षा शाखामा समन्वय गरी गठनको मिति तोक्नु पर्ने ।
४. यस नगरपालिकाको नगर शिक्षा समितिको मिति २०७६।०७।२४ गतेको निर्णय बमोजिम नगरबाट पि. सी. एफ. अनुदान पाईरहेका विद्यालयहरुले पि. सि. एफ. मा कार्यरत शिक्षककै नाममा निकासा माग गर्ने र निकासा भएको रकम भुक्तानी दिने व्यवस्था गर्ने ।
५. यस नगरपालिकाको नगर शिक्षा समितिको मिति २०७६।०७।२४ को निर्णयानुसार पि. सि. एफ. दरबन्दीमा कार्यरत शिक्षक शि. से. आ. बाट स्थायीको लागि सिफारिस भएमा वा कुनै कारण उक्त पद रिक्त भएमा नगरबाट जाने अनुदान सोही मिति देखि रोक्का हुनेछ ।
६. सम्बन्धित विद्यालयहरुमा अध्ययनरत विद्यार्थी भन्दा बाहेक अन्य विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई परीक्षामा सम्मिलित गराउने गरेको गुनासो प्राप्त भए पछि सो किसिमको नियम विपरित कार्य न गर्नु न गराउनु हुन ।
७. प्रधानाध्यापक विद्यालयको कामको सिलसिलामा बाहिर जादाँ आफू भन्दा तल्लो वरिष्ठतम शिक्षकलाई लिखित रुपमा निमित्त दिएर मात्र जानु पर्ने । प्र. अ. विदामा बस्दा अध्यक्ष र शिक्षकले प्र. अ. लाई अनिवार्य जानकारी गराउने र सो कुराको अभिलेख समेत जनाउने ।
८. प्रत्येक विद्यालयहरुले आ. व. २०७५।०७६ को लेखापरीक्षण तोकिएको लेखापरीक्षकबाट तोकिएकै समयमा गराउनु पर्नेछ । यदि उक्त समय भित्र लेखापरीक्षण र सामाजिक परीक्षण नगराएमा विद्यालयमा जाने सम्पूर्ण निकासाहरु नगरपालिकाबाट रोक्का गरिनेछ ।
९. यस नगरपालिका अन्तरगतका सम्पूर्ण सामुदायिक विद्यालयका शिक्षक, बाल शिक्षक, विद्यालय सहायक कर्मचारी र विद्यालय सहयोगीहरुले अनिवार्य रुपमा तोकिएको पोशाक लगाउनुपर्ने ।

२०७६।७।२६

रविन्द्र कुमार पण्डित
शिक्षा अधिकृत